ADCCN ई बुलेटिन
Association of District Coordination Committees of Nepal
जिल्ला समन्वय समिति महासंघ नेपाल
e - Bulletin

**Vol. 1 [Issue – I] (जिल्ला समन्वय समिति महासंघ नेपालको ई-बुलेटिन) E-bulletin, 2018 January [2074 Magh]**

# राष्ट्रिय परिषद विशेष




जिल्ला समन्वय समिति महासंघ नेपालको राष्ट्रिय परिषद, नयाँ **कार्यसमितिको चयन र २६ बुँदे घोषणा-पत्र** जारी गर्दै सम्पन्न भएको छ ।

यहि २०७४ माघ १० र ११ गते, राष्ट्रिय सभागृह, काठमाडौंमा सम्पन्न सो परिषदमा ७७ वटै जिल्ला समन्वय समितिहरुको जिल्ला समन्वय प्रमुख, उप-प्रमुख र सदस्य गरी प्रत्येक जिल्ला समन्वय समितिबाट तीन/तीन जना पार्सदको रुपमा आमन्त्रण गरिएको थियो । वर्तमान तथा पूर्व जिल्ला विकास समिति महासंघ नेपालका पदाधिकारीहरुको समेत उपस्थिति रहको थियो । यस परिषदको समुदघाटन पूर्व प्रधानमन्त्री एंव नेकपा एमोलका वरिष्ठ नेता माननीय माधव कुमार नेपालज्यूले गर्नुभएको थियो । कार्यक्रममा महासंघका कार्यकारी महासचिव डा. शेषरमण न्यौपानेले राष्ट्रिय परिषद कार्यक्रमका बारेमा जानकारी गराउनुभएको थियो । सो अवसरमा कार्यक्रमलाई संबोधन गर्दै पूर्व प्रधानमन्त्री माननीय माधव कुमार नेपालले जिल्ला भित्र हुने विकास निर्माणका काम लगायत सम्पूर्ण कामहरुको समन्वय तथा सहजिकरण गर्नका लागि जिल्ला समन्वय समितिहरुलाई स्रोत साधन सम्पन्न बनाई जिससको भूमिका बढाउनुपर्ने बताउनु भएको थियो ।

कार्यक्रममा काठमाडौं महानगरपालिकाका नगर-प्रमुख विद्यासुन्दर शाक्य, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सह-सचिव पुरुषोत्तम नेपाल, डा. श्यामकृष्ण भुर्तेल र नेपाल नगरपालिका संघका कार्यकारी सचिव कलानिधि देवकोटाले विकेन्द्रकरण, सुशासन



र स्थानीय प्रजातन्त्रको संस्थागत विकासमा जिसस महासंघ नेपालको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै स्थानीय तहलाई साधन स्रोत सम्पन्न बनाउनुपर्ने बताउनुभएको थियो ।

त्यसैगरी जिविस महासंघका निवर्तमान अध्यक्ष ऋषिराज लुम्साली, संस्थापक अध्यक्ष कृष्णलाल सापकोटा, निवर्तमान प्रवक्ता कृष्ण प्रसाद जैसी, सदस्य एवं पूर्व मन्त्री तथा नेपाली कांग्रेसका नेता माननीय जीवन बहादुर शाही र पूर्व अध्यक्ष कृष्णप्रसाद सापकोटाले जिल्लाको समग्र विकास निर्माण, सेवा प्रवाह लगायत जिल्लाको समग्र विकास प्रक्रियाको लागि जिससलाई सक्षम बनाउनुपर्नेमा जोड दिनुभएको थियो ।

कार्यक्रममा स्थानीय तह पुन:संरचना आयोगका तत्कालिन अध्यक्ष बालानन्द पौडेल र युएनडिपीका सह-निर्देशक यामनाथ शर्माले जिससलाई प्राप्त अधिकारको सही उपयोग गरी समग्र देश विकासमा टेवा पुऱ्याउनु पर्नेमा जोड दिनुभएको थियो ।

कार्यक्रममा नेकपा एमालेका नेता अग्नी खरेल, नेपाली कांग्रेसका नेता रामहरी खतिवडा र राष्ट्रिय जनता पार्टी नेपालका नेता मुरली सिंहले मुलुकको विकासमा स्थानीय तहहरुको भूमिका महत्वपूर्ण हुने भएकोले स्थानीय तहहरुले विकास निर्माणका कामहरुलाई प्राथमिकता दिएर सञ्चालन गर्नुपर्ने बताउदै स्थानीय स्तरमा हुने कामहरुबीच एकरुपता ल्याउन र सहजिकरण गर्नका लागि जिससको भूमिका महत्वपूर्ण हुने बताउनुभएको थियो ।

जिल्ला समन्वय समिति काठमाडौंका प्रमुख शिवसुन्दर राजबैद्य, महासंघका नव निर्वाचित अध्यक्ष सीता सुन्दास (जिसस स्याङ्जा का प्रमुख), उपाध्यक्ष सन्तमान तामाङ्ग (जिसस नुवाकोटका प्रमुख) र प्रवक्ता नवराज गेलाल (जिसस भक्तपुरका प्रमुख), जिसस बाराका उप-प्रमुख पवन कुमार व्याहुत, जिसस तनहुँका उप-प्रमुख पवित्रा देवी पौडेलले सेवा प्रवाह, विकास निर्माण, संघ, प्रदेश र स्थानीय तहहरुबीच प्रभावकारी समन्वय गर्नका लगि आफूले सक्दो पहल गर्ने बताउदै जिससको भूमिकालाई प्रभावकारी बताउन पहलगर्ने प्रतिवद्धता जाहेर गर्नुभयो ।

जिल्ला समन्वय समिति महासंघको नयाँ कार्यसमिति गठन सर्वसम्मत रुपमा भएको थियो । केन्द्रिय तथा कार्यसमिति गठन यस प्रकार भएको छ ।

**जिल्ला समन्वय समिति महासंघ नेपालको**
**कार्यसमिति**

| क्र.सं. | नाम | पद | जिल्ला |
|---|---|---|---|
| १. | श्री सीता कुमारी सुन्दास | अध्यक्ष | स्याङ्जा (प्र) |
| २. | श्री सन्तमान तामाङ्ग | उपाध्क्ष | नुवाकोट (प्र) |
| ३. | श्री नवराज गेलाल | प्रवक्ता | भक्तपुर (प्र) |
| ४. | श्री बबी चाम्लीङ | सदस्य | खोटाङ्ग (प्र) |
| ५. | श्री सुरेश प्रसाद सिंह | सदस्य | महोत्तरी (प्र) |
| ६. | श्री रघुनाथ खुलाल | सदस्य | मकवानपुर (प्र) |
| ७. | श्री बैन बहादुर क्षेत्री | सदस्य | कास्की (प्र) |
| ८. | श्री लक्ष्मण पराजुली | सदस्य | गुल्मी (प्र) |
| ९. | श्री गणेश भट्ट | सदस्य | डडेलधुरा (प्र) |
| १०. | श्री शिव सुन्दर राज बैद्य | सदस्य | काठमाडौं (प्र) |
| ११. | श्री नरेन्द्र कुमार रोकाया | सदस्य | बाजुरा (प्र) |
| १२. | श्री डवल पाण्डे | सदस्य | दोलखा (प्र) |
| १३. | श्री केशवराज आचार्य | सदस्य | प्युठान (प्र) |
| १४. | श्री नवल किशोर सिंह राजपुत | सदस्य | बारा (प्र) |
| १५. | श्री छविलाल सिग्देल | सदस्य | सुर्खेत (प्र) |
| १६. | श्री खड्ग बहादुर परियार | सदस्य | उदयपुर (प्र) |
| १७. | श्री बालकुमारी सापकोटा | सदस्य | सिन्धुपाल्चोक (उ) |
| १८. | श्री लक्ष्मीदेवी शाह | सदस्य | दैलेख (उ) |
| १९. | श्री जनुका अधिकारी | सदस्य | गोरखा (उ) |
| २०. | श्री तारावती कुमारी चौधरी | सदस्य | कपिलवस्तु (उ) |
| २१. | श्री मिरा मरासिनी | सदस्य | पाल्पा (उ) |
| २२. | श्री जमुना पराजुली | सदस्य | सर्लाही (उ) |
| २३. | श्री सानु कुमार बुडथापा | सदस्य | कञ्चनपुर (उ) |
| २४. | श्री सरोज कुमार यादव | सदस्य | सिराह (उ) |
| २५. | श्री पवन कुमार व्याहुत | सदस्य | बारा (उ) |
| २६. | श्री सविना राई | सदस्य | भोजपुर (स) |
| २७. | श्री बच्चु शाह कान | सदस्य | रौतहट (स) |
| २८. | श्री ऋषिराज लुम्साली | सदस्य | कञ्चनपुर (पू.अ.) |

**जिसस महासंघ नेपालको**
**प्रदेश नं. १ (कार्यसमिति)**

| क्र.सं. | नाम | पद | जिल्ला |
|---|---|---|---|
| १. | श्री श्री बबी चाम्लीङ्ग | अध्यक्ष | खोटाङ्ग (प्र) |
| २. | श्री सुन्तला परियार | उपाध्यक्ष | ओखलढुङ्गा (स) |
| ३. | श्री सुशिला अधिकारी | सदस्य | झापा (स) |
| ४. | श्री कृष्ण कुमारी वि.क. | सदस्य | सुनसरी (उ) |
| ५. | श्री प्रेमलता घिमिरे गौतम | सदस्य | तह्रथुम (उ) |
| ६. | श्री टंकबहादुर चुवान | सदस्य | धनकुटा (प्र) |
| ७. | श्री घनेन्द्र मादेन | सदस्य | ताप्लेजुङ्ग (प्र) |
| ८. | श्री प्रकाश कुमार शाह | सदस्य | मोरङ्ग (उ) |
| ९. | श्री चित्रकला बराइली | सदस्य | इलाम (उ) |

**जिसस महासंघ नेपालको**
**प्रदेश नं. २ (कार्यसमिति)**

| क्र.सं. | नाम | पद | जिल्ला |
|---|---|---|---|
| १. | श्री सुरेश प्रसाद सिंह | अध्यक्ष | महोत्तरी (प्र) |
| २. | श्री राम आशिष राय यादव | उपाध्यक्ष | रौतहट (उ) |
| ३. | श्री प्रमिला कुमारी सादा | सदस्य | धनुषा (स) |
| ४. | श्री आशा देवी (झा) | सदस्य | सप्तरी (स) |
| ५. | श्री ललिता महासेठ | सदस्य | महोत्तरी (स) |
| ६. | श्री मेथुर चौधरी | सदस्य | सर्लाही (प्र) |
| ७. | श्री दिपक कुमार झा | सदस्य | धनुषा (उ) |
| ८. | श्री प्रभाकर यादव | सदस्य | सप्तरी (प्र) |
| ९. | श्री म. रिजवानु महक | सदस्य | पर्सा (स) |

**जिसस महासंघ नेपालको**
**प्रदेश नं. ३ (कार्यसमिति)**

| क्र.सं. | नाम | पद | जिल्ला |
|---|---|---|---|
| १. | श्री रघुनाथ खुलाल | अध्यक्ष | मकवानपुर (प्र) |
| २. | श्री अम्बर बहादुर खड्का | उपाध्यक्ष | ललितपुर (प्र) |
| ३. | श्री तेजिला थापा | सदस्य | काठमाडौं (स) |
| ४. | श्री दिपा पाखिन | सदस्य | रामेछाप (उ) |
| ५. | श्री बेली डंगोल | सदस्य | ललितपुर (स) |
| ६. | श्री कृष्णप्रसाद अर्याल | सदस्य | धादिङ्ग (स) |
| ७. | श्री अर्जुन प्रसाद पौडेल | सदस्य | रसुवा (स) |
| ८. | श्री कृष्ण कुमार डल्लाकोटी | सदस्य | चितवन (प्र) |
| ९. | श्री मनमाया जिरेल | सदस्य | दोलखा (उ) |

**जिसस महासंघ नेपालको**
**प्रदेश नं. ४ (कार्यसमिति)**

| क्र.सं. | नाम | पद | जिल्ला |
|---|---|---|---|
| १. | श्री बैन बहादुर क्षेत्री | अध्यक्ष | कास्की (प्र) |
| २. | श्री अर्जुन बहादुर अधिकारी | उपाध्यक्ष | तनहुँ (स) |
| ३. | श्री सिता थापा | सदस्य | स्याङ्जा (स) |
| ४. | श्री इन्द्र गुरुङ्ग | सदस्य | गोरखा (स) |
| ५. | श्री छिरिङ्ग ल्हामु गुरुङ | सदस्य | मुस्ताङ्ग (प्र) |
| ६. | श्री यज्ञ प्रसाद घले | सदस्य | मनाङ्ग (प्र) |
| ७. | श्री राजेन्द्र ढुंगाना | सदस्य | बाग्लुङ्ग (स) |
| ८. | श्री देवेन्द्र ब. बडुवाल क्षेत्री | सदस्य | म्याग्दी (प्र) |
| ९. | श्री कविता विश्वकर्मा | सदस्य | पर्वत (स) |

**जिसस महासंघ नेपालको**
**प्रदेश नं. ५ (कार्यसमिति)**

| क्र.सं. | नाम | पद | जिल्ला |
|---|---|---|---|
| १. | श्री लक्ष्मण पराजुली | अध्यक्ष | गुल्मी (प्र) |
| २. | | उपाध्यक्ष | |
| ३. | श्री नारायणी थापा | सदस्य | प्यूठान (स) |
| ४. | श्री चन्द्रकला शर्मा | सदस्य | नवलपरासी पश्चिम (स) |
| ५. | श्री तिला कुमारी बुढा | सदस्य | दाङ्ग (स) |
| ६. | श्री अजय कुमार श्रीवास्तव | सदस्य | बाँके (प्र) |
| ७. | श्री पशुपतिनाथ यादव | सदस्य | रुपन्देही (उ) |
| ८. | श्री नारायण प्रसाद खनाल | सदस्य | कपिलवस्तु (प्र) |
| ९. | | सदस्य | |

**जिसस महासंघ नेपालको**
**प्रदेश नं. ६ (कार्यसमिति)**

| क्र.सं. | नाम | पद | जिल्ला |
|---|---|---|---|
| १. | | अध्यक्ष | |
| २. | श्री प्रेम बहादुर थापा | उपाध्यक्ष | दैलेख (प्र) |
| ३. | श्री कर्ण शिला मल्ल | सदस्य | मुगु (उ) |
| ४. | श्री देवी भट्टराई | सदस्य | सुर्खेत (उ) |
| ५. | श्री पूर्ण बहादुर रोकाय | सदस्य | मुगु (प्र) |
| ६. | श्री कल्दर सिंह | सदस्य | जाजरकोट (स) |
| ७. | श्री सुस्मिता सुनार | सदस्य | सल्यान (स) |
| ८. | | सदस्य | |
| ९. | | सदस्य | |

**जिसस महासंघ नेपालको**
**प्रदेश नं. ७ (कार्यसमिति)**

| क्र.सं. | नाम | पद | जिल्ला |
|---|---|---|---|
| १. | श्री गणेशराज भट्ट | अध्यक्ष | डडेल्धुरा (प्र) |
| २. | श्री शशी देवी सोप | उपाध्यक्ष | डोटी (उ) |
| ३. | श्री देवी भण्डारी | सदस्य | कैलाली (स) |
| ४. | श्री भागरथी अवस्थी | सदस्य | बझाङ्ग (उ) |
| ५. | श्री सिद्धराज भट्ट | सदस्य | बैतडी (प्र) |
| ६. | श्री करविर सिंह कार्की | सदस्य | दार्चुला (प्र) |
| ७. | श्री नरबहादुर कुँवर | सदस्य | अछाम (प्र) |
| ८. | श्री गुड्डी देवी दमाईं | सदस्य | कञ्चनपुर (स) |
| ९. | | सदस्य | |

सो कार्यक्रममा जिल्ला विकास समिति महासंघका पूर्व अध्यक्षहरु श्री कृष्णलाल सापकोटा, श्री कृष्णप्रसाद सापकोटालाई सम्मान गरिएको थियो । त्यसैगरी जिविस महासंघ नेपालका पूर्व महासचिवहरु डा. श्यामकृष्ण भूर्तेल, हेमराज लामिछाने, डा. प्रेम शर्मा र बित्त अधिकृत राजु श्रेष्ठ र कर्मचारी दिनेश श्रेष्ठलाई सम्मान गरिएको थियो ।

महासंघले जारी गरेको काठमाडौं घोषणापत्रमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई संशोधन गरी जिससलाई समन्वय, सन्तुलन र अनुगमनका लागि अधिकार क्षेत्र र काम कर्तव्य संशोधन हुने गरी व्यवस्था मिलाउनुपर्ने, जिल्लास्तरमा निर्माणाधिन रहेका आयोजनाहरुलाई जिसस मार्फत कार्यान्वयन हुने गरी निरन्तरता दिनुपर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैससले जिल्ला भित्र कार्यक्रम सञ्चालन गर्दा जिससंसग समन्वय गरेर मात्र गर्नुपर्ने व्यवस्था गर्नुपर्ने, जिल्लास्तरीय समितिहरुको प्रमुख जिसस प्रमुख हुनुपर्ने, जिसस प्रमुखको अध्यक्षतामा गठन जिल्ला भित्रको प्राकृतिक श्रोत र जिल्लास्तरीय राजस्व संकलनमा जिससको भूमिका हुनुपर्ने, संघ तथा प्रदेशको कानुन बनाउने तथा निर्णय प्रक्रियामा स्थानीय तहका संघ महासंघको सहभागिता तथा परामर्शलाई कानुनबाटै सुनिश्चित गर्नुपर्ने उल्लेख गरिएको छ ।

सो घोषणापत्रको पूर्णपाठ यस प्रकार छ ।










# मिति २०७४ साल माघ १० र ११ गते काठमाडौंमा सम्पन्न जिल्ला समन्वय समिति महासंघ नेपालको काठमाण्डौमा सम्पन्न राष्ट्रिय परिषदको बैठकले जारि गरेको समसामयिक प्रस्ताव तथा

# घोषणा - पत्र २०७४

१. नेपालको संविधान अनुसार गणतन्त्र कार्यान्वयन र संस्थागत विकासका लागि संघ, प्रदेश र स्थानीय तहका सबै निर्वाचन सम्पन्न गरिएकोमा नेपाल सरकार र निर्वाचन आयोगलाई जिल्ला समन्वय समिति महासंघ नेपालको यो राष्ट्रिय परिषद धन्यवाद ज्ञापन गर्दछ ।

२. नेपाली जनताको आन्दोलनबाट प्राप्त उपलब्धीको रुपमा संविधान प्राप्त भएपछि स्थानीय तहको रुपमा जिल्ला समन्वय समितिलाई संबैधानिक रुपमा व्यवस्था गरिएकोमा जिल्ला समन्वय समिति महासंघ नेपाल हार्दिक स्वागत गर्दछ ।

३. जिल्ला समन्वय समिति मशासंघ नेपालको यो परिषद बैठक जिल्ला विकास समिति महासंघ नेपालले विगत २२ वर्ष देखि गर्दै आएको स्थानीय स्वायत्तता, विकेन्द्रीकरण र समावेशीताको लागि गरिएका प्रयत्न र पहलको सह्राकना गर्दै आगामि दिनका लागि उक्त कार्यहरुको सम्पूर्ण स्वामित्व ग्रहण गर्दछ ।

४. जिल्लासभा निर्वाचित जनप्रतिनिधिमूलक सरकारका रुपमा आफ्नो अधिकारक्षेत्रको कार्यान्वयन गर्न स्वतन्त्र र स्वायत्त रहने हाम्रो अटल विश्वास रहेको छ । जिल्लासभाले संविधान तथा कानुन प्रदत्त आफ्नो अधिकारक्षेत्रका बिषयमा कानुन बनाउने तथा जिल्ला समन्वय समितिले स्वतन्त्र रुपमा कार्यपालिकीय काम गर्ने कुरालाई निर्धक्क भएर अभ्यास गर्न जिल्लासभालाई आव्हान गर्दछौ ।

५. जिल्लास्तरीय विभिन्न सरकारी कार्यालयहरु नरहने हुँदा ती कार्यालयहरुको भौतिक सम्पतिहरु जिल्ला समन्वय समितिको स्वामित्वमा ल्याइयोस् र अन्य कार्यालयहरुलाई वितरण गर्ने निर्णय गर्दा जिल्ला समन्वय समितिको सहमतिमा गर्न माग गर्दछ ।

६. जिल्ला भित्रको प्राकृतिक श्रोत र अन्य जिल्ला स्तरीय राजस्व संकलनमा जिल्ला समन्वय समितिको भूमिका र हिस्सा प्राप्तिका लागि कानुनी व्यवस्था गरियोस् ।

७. जिल्ला समन्वय समितिलाई संबैधानिक रुपमा सन्तुलित विकास, अनुगमन, समन्वय र स्थानीय तहको क्षमता विकास गर्ने अधिकार दिएको हुदा ती काम गर्न सक्ने गरि ऐन सहित श्रोत, साधन र जनशक्ति सम्पन्न बनाउन नेपाल सरकार समक्ष यो परिषद माग गर्दछ ।

८. नेपालको संविधानले शासकीय स्वरुपको संरचनामा संघ, प्रदेश र स्थानीय तह उल्लेख गरेकोमा स्थानीय तह अन्तरगत गाउँपालिका, नगरपालिका र जिल्लासभा राखिएपनि राजकीय सत्ताको प्रयोग स्थानीय तहबाट हुने भनिएकोमा गाउँपालिका र नगरपालिकाले संविधानको अनुसूचि ८ मा उल्लिखत २२ वटा अधिकारहरु अन्तरगत ऐनहरु बनाउन सक्ने तर जिल्ला सभालाई ऐन बनाउने अधिकार संविधानमा उल्लेख नगरिएकोले गाउँपालिका र नगरपालिकाले सरह जिल्ला सभाले समेत आफ्नो अधिकार क्षेत्र अन्तरगत ऐन बनाउन सक्ने संवैधानिक अधिकार संविधान संशोधन गरी सुनिश्चित गरियोस् ।

९. हालै जारी भएको स्थानीय सरकार सञ्चालन ऐन २०७४ अपूर्ण र अस्पष्ट रहन गएकोले अधिकारहरुको स्पष्टताका लागि उक्त ऐन संशोधन गरी जिल्ला समन्वय समितिलाई समन्वय, सन्तुलन र अनुगमनका लागि अधिकार क्षेत्र र काम कर्तब्य सम्वोधन हुने गरी व्यवस्था गरियोस् ।

१०. जिल्ला समन्वय समिति निर्वाचत भैसकेको अवस्था र स्थानीय सरकार सञ्चालन ऐन जारी गरिसकेपछि पनि नेपाल सरकारका विभिन्न मन्त्रालयहरुबाट भएका विभिन्न परिपत्रहरुप्रति यो परिषद असहमति ब्यक्त गर्दै स्थानीय तहलाई गरिएको संवैधानिक ब्यवस्था वमोजिम अधिकार विन्यास गर्न माग गर्दछ ।

११. जिल्लास्तरमा विगत आर्थिक बर्षदेखि सम्झौता भई निर्माणाधिन रहेका आयोजनाहरु लाई जिसस मार्फत कर्यान्वयन हुने गरी निरन्तरता दिने व्यवस्था गरियोस् ।

१२. राष्ट्रिय तथा अन्तराष्टिय गैससहरुले जिल्ला भित्र आफना कार्यक्रम संचालन गर्दा जिल्ला समन्वय समितिसँग समन्वय गरेर मात्र गर्ने ब्यवस्था गरियोस् ।

१३. जिल्ला समन्वय समितिको कोषमा रहेको रकम जिल्ला सभाले निर्णय गरी जिल्लाका अत्यावशयकीय क्षेत्रमा खर्च गर्न पाउने ब्यवस्था गरियोस् ।

१४. संक्रमणकालीन अवस्थामा कर्मचारी समायोजन गर्दा जिल्लाको अवस्था हेरी सहसचिवस्तर सम्मको जिल्ला समन्वय अधिकारीको ब्यवस्था गर्न यो परिषद माग गर्दछ ।

१५. जिल्लामा रहेका कार्यालयहरु र कर्मचारीको ब्यवस्थापन तथा समायोजन गर्दा जिल्ला समन्वय समितिलाई आवश्यक पर्ने विषयगत शाखाहरु (पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक विकास, क्षमता विकास), प्राकृतिक स्रोतको संरक्षण र सम्बर्द्धन गर्ने, जिल्लाको तथ्यांक संलकन, प्रशोधन र प्रकाशन गर्ने, जलवायु परिवर्तन सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन गर्ने तथा जिल्लाको समग्र विकास अवधारणा पत्र तयार गर्ने र सोका आधारमा गाउँ/नगरपालिकाको योजना तर्जुमा र कार्यान्वयनमा सहजिकरण गर्ने, जिल्लास्तरमा आवश्यक नीति तर्जुमा कार्यमा क्षमता रहने गरी एक-एक जना विषय विज्ञ कर्मचारीहरु सहितको संगठन संरचना र दरवन्दीको जिल्लासभाले आफ्नो आवश्यकता अनुसार निर्धारण गर्ने ब्यवस्था गरियोस् ।

१६. जिल्लामा रहेका समितिहरु (जस्तै : जिल्ला विपद् ब्यवस्थापन समिति, जिल्ला दररेट निर्धारण समिति, खानी अनुगमन समिति, जिल्ला जलश्रोत समिति, DPAC लगायतका समितिहरु जिल्ला समन्वय समिति प्रमुखको अध्यक्षतामा रहने गरी अविलम्ब पुनर्व्यवस्थापन गर्न आवश्यक कानुनी ब्यवस्था गरियोस् ।

१७. संघ तथा प्रदेश सरकारबाट स्थानीय तहमा विनियोजित कार्यक्रम तथा बजेटको जानकारी जिल्ला समन्वय समितिलाई अनिवार्य गराउने ब्यवस्था गरियोस् ।

१८. संघ तथा प्रदेशबाट जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्दा जिल्ला समन्वय समितिमार्फत मात्र सञ्चालन गरियोस् र त्यसको बजेट जिल्ला समितिमा विनियोजन गरियोस् ।

१९. अन्तर गाउँपालिका तथा नगरपालिकास्तरीय कार्यक्रम तथा जिल्ला गौरवका योजना जिल्ला समन्वय समितिमार्फत सञ्चालन गर्ने ब्यवस्था गरियोस् ।

२०. विभिन्न मन्त्रालयहरुबाट स्थानीय तहमा विनियोजित गरिने कार्यक्रम तथा बजेटको जानकारी जिल्ला समन्वय समितिलाई हुनुपर्ने र योजना तर्जुमा, अनुगमन र समीक्षामा जिल्ला समन्वय समितिको भूमिकालाई अनिवार्य गरिनुपर्ने ब्यवस्थाका लागि माग गर्दछ ।

२१. स्थानीय तहका तीनवटै संघ महासंघहरुलाई नेपाल सरकारले विगतमा उपलब्ध गराउँदै आएको अनुदानलाई निरन्तरता दिनका लागि पहल गर्न आग्रह गर्दछ ।

२२. स्थानीय तहका कर्मचारी स्थानीय सेवामा समायोजन गर्दा मनोवल उच्च हुने तथा अन्य सेवा समूहबाट समायोजन भई आउने कर्मचारीबीच भेदभाव नहुने गरी गर्ने ।

२३. विपद् व्यवस्थापन जस्तै भुकम्प पुनर्निमाण, बाढी पहिरो, शीत लहरजस्ता राष्ट्रिय कार्यक्रम तथा गरिवी निवारण कोष, वैकल्पिक उर्जा विकास केन्द्र, सडक बोर्ड, ग्रामिण खानेपानी तथा सरसफाई कोष विकास समिति, सीमा विकास कोष, जनता आवास कार्यक्रमबाट स्थानीय तहमा सञ्चालन हुने कार्यक्रम जिल्ला समन्वय समितिको समन्वयमा मात्र कार्यान्वयन गरियोस् ।

२४. गृह मन्त्रालयबाट बनाइएका मर्यादाक्रम सूचिमा उपप्रमुख तथा सदस्यज्यूहरुको मर्यादा नतोकिएको हुँदा यथाशिघ्र सम्बोधनका लागि गृह मन्त्रालयको ध्यानाकर्षण गराउने निर्णय गर्दछ ।


२५. नेपालको संविधानको धारा ८६(२क) राष्ट्रिय सभाको गठन गर्न निर्वाचन मण्डलमा जि.स.स.का प्रमुख, उप-प्रमुख र सदस्यलाई समेत समावेश गर्ने गरी संविधानको प्रकृया अगाडि बढाउन राजनैतिक दल र विधायिका संसदलाई विशेष आग्रह गर्दछ ।

२६. संघ तथा प्रदेशको कानुन बनाउने तथा निर्णय प्रक्रियामा स्थानीय तहका संघ महासंघको सहभागिता तथा परामर्शलाई कानुनबाटै सुनिश्चित गरियोस् । अन्तर सरकारी वित्त परिषद लगायतका संघीय तथा प्रदेशस्तरमा विद्यमान तथा गठन हुने संरचनामा जिल्ला समन्वय समितिको प्रतिनिधिमूलक महासंघको अनिवार्य प्रतिनिधित्व हुने व्यवस्था गरियोस् ।










## टेलिभिजन कार्यक्रम स्थानीय सरोकार

स्थानीय निकायका संघ/महासंघहरू जिल्ला समन्वय समिति महासंघ नेपाल, गाउँ विकास समिति राष्ट्रिय महासंघ र नेपाल नगरपालिका संघ तथा जिल्ला समन्वय समिति काठमाडौं, ललितपुर र भक्तपुरको संयुक्त कार्यक्रमका रूपमा नेपाल टेलिभिजनमा प्रत्येक हप्ताको आइतबार विहान ८:३० बजे र बेलुका ११:३० बजे, सोमबार साँझ ६:०५ देखि र पुन: प्रशारण मंगलबार विहान १०:३० बजे हाल टेलिभिजन कार्यक्रम **स्थानीय सरोकार** संचालन भैरहेको छ।

सो टेलिभिजन कार्यक्रम हेरेर त्यसलाई अझबढि स्तरिय र प्रभावकारी बनाउन के/कस्ता सुधार गर्न सकिन्छ, सुझाव दिनुहुन सबैमा अनुरोध गरिन्छ।

***सम्पर्कका लागि***
*संचार विकास तथा अनुसन्धान केन्द्र नेपाल*
*शिव रेग्मी, ९७५१००७७२२, ९८४१४२४६६०*
*ईमेल : mdrc100@gmail.com, shivaregmi@gmail.com*

***सम्पादन :*** *डा. शेष रमण न्यौपाने,* ***सामग्री संकलन तथा लेआउट :*** *दिनेश श्रेष्ठ*

जिल्ला समन्वय समिति महासंघ नेपाल Association of District Coordination Committees of Nepal (ADCCN)
☎: 977-15554081, 5529202 **Fax #** 977-1-5548469 Sanepa Mode, Lalitpur,
**E-mail :** addcn@addcn.org.np **URL:** www.addcn.org.np